११२६।६३८

# राष्ट्रिय सूचना आयोगको
# प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
# सूचना आयुक्त किरण कुमार पोखरेल
# सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

म.नं. १४७/२०७२/०७३
निर्णय नं. ७३९

जिल्ला नुवाकोट, थानसिङ गा.वि.स.वडा नं ९ नुवाकोट बस्ने शिव प्रसाद अधिकारी ...........१ पुनरावेदक

विरूद्ध

अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय, काठमाडौं ........................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला नुवाकोट, थानसिङ गा.वि.स.वडा नं ९ नुवाकोट बस्ने शिव प्रसाद अधिकारीले नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय, काठमाडौंले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरको निवेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७०।०९।०३, २०७०।०९ र २०७०।११।०८ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय, काठमाडौंलाई यस आयोगबाट क्रमश: मिति २०७०।०८।२३, २०७०।१०।२० र २०७०।११।१९ को पत्रबाट पठाईएको र पुन: मिति २०७०।१०।२० र मिति २०७२।०३।२१ को पत्रबाट पुन ताकेता पत्रबाट आदेश कार्यान्वयनको लागि पत्राचार गरिएको देखिन्छ । तत् पश्चात निज पुनरावेदकलाई आयोगबाट मिति २०७२।०५।१४ मा पत्राचार गरी तपाईले अव के के सूचना पाउन बाँकी छ भनी सोधनी भएको । उक्त पत्रचार पश्चात आयोगलाइ कुनै जानकारी नगराएकोले निजले यी यी सूचना पाउन बाँकी छ भनेको बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राखिएको छ । प्रस्तुत निवेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्बवत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्